# थुलुङ दुधकोशी गाउँपालिका
**Thulung Dudhkoshi Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
मुक्ली, सोलुखुम्बु
Mukli, Solukhumbu

प.सं.(Ref. No.):२०८३/०८४
सूचना नं.(inf. No.): 06

कोशी प्रदेश, नेपाल
Koshi province, Nepal

## सेवा करारको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना (दोस्रो पटक)

(प्रकाशित मिति:२०८३/०५/२५, ने.सं. ११४६)

यस गाउँपालिकामा सामी कार्यक्रम अन्तर्गत देहायको पदमा सेवा करार गरी पदपूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तपसिल बमोजिम आवश्यक कागजात सहित तोकिएको मितिभित्र आवदेन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | आवश्यक न्यूनतम योग्यता | माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | ०१/२०८३-८४ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ | -मान्यता प्राप्त शिक्षण संस्थाबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह/पोष्ट ग्रेजुएट डिप्लोमा इन काउन्सेलिङ वा स्टाफ नर्समा डिप्लोमा उत्तिर्ण गरेको<br>-मनोसामाजिक परामर्श सम्बन्धी ६ महिना तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ।<br>-कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word Excel, Power Point, Email/ Internet) आदि भएको नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने। | १ |
| २. | ०२/२०८३-८४ | रिटर्नी स्वयंसेवक | श्रेणीबिहिन | कक्षा १० उत्तिर्ण गरी वैदेशिक रोजगारीका लागि खाडीमुलुकमा कम्तिमा २ बर्ष काम गरी नेपाल | १ |

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत
२।२५

प.सं.(Ref. No.):२०८३/०८४

सूचना नं.(inf. No.):

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | फर्किएको हुनु पर्ने, सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धी ज्ञान भएको। | |

१. उमेरः १८ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको हुनुपर्नेछ।

२. आवेदन पेश गर्ने स्थानः थुलुङ दुधकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, मुक्ली, सोलुखुम्बु

३. आवदेश पेश गर्ने अन्तिम मितिः २०८३ साल भाद्र ३१ गते कार्यालय समय भित्र, अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन।

४. आवेदन दस्तुरः मनोसामाजिक परामर्शकर्ता पदको लागि रु. ७००/- र रिटर्नी स्वयंसेवक पदको लागि रु. ४००/-

५. छनोटको किसिमः छोटो सूची (Short list), लिखित र अन्तर्वार्ता

६. आवश्यक कागजातः नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, कार्यअनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम योग्यताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको २ प्रति फोटो, सम्बन्धित व्यवसायिक परिषदमा नाम दर्ता तथा नविकरण भएको

७. आवदेन फाराम यस कार्यालयमा उपस्थित भइ वा यस कार्यालयको इमेल ठेगाना thulungdudhkoshirm@gmail.com मार्फत पेश गर्न सकिनेछ।

८. लिखित परीक्षा र अन्तर्वार्ता हुने मिति आवेदन पेश गर्ने अन्तिम मिति पछि प्रकाशित गरिनेछ।

सम्पर्कका लागिः ९८४२८९७८०२/९७४३९६४५७७/९८४३०७०६९१

५।१९

(नवराज कोइराला)

**प्रमुख प्रशासकीय अधिकृत**

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

थुलुङ दुधकोशी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, मुक्ली, सोलुखुम्बु

सुरक्षित आप्रवास कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्ता (सहायकस्तर पाँचौं) सेवा करारको माध्यमबाट पदपूर्ति गर्नको लागि तयार गरिएको परीक्षा पाठ्यक्रम

१. प्रथम चरण
प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन — पूर्णाङ्क- ८० अंक

२. द्वितीय चरण
लिखित परीक्षा — पूर्णाङ्क-८० अंक

३. अन्तिम चरण
कम्प्युटर प्रयोगात्मक — पूर्णाङ्क-२० अंक
अन्तर्वार्ता — पूर्णाङ्क-२० अंक

प्रथम चरणः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन

| विषय | पूर्णाङ्क | कै. |
|---|---|---|
| प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन | ८० अंक | थुलुङ दुधकोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५ को दफा ४ बमोजिम |

द्वितीय चरणः लिखित परीक्षा

| विषय | पूर्णांङक | उत्तीर्णांङक | परीक्षाको किसिम | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| सामान्य ज्ञान र मनोसामाजिक परामर्श सम्वन्धी जानकारी | ८० | ३२ | वस्तुगत प्रश्न | ३०X२=६० | १:१५ घण्टा |
| | | | विषयगत प्रश्न | ४X५=२० | |

अन्तिम चरणः प्रयोगात्मक र अन्तर्वार्ता

| विषय | पूर्णाङ्क | परीक्षा किसिम | समय |
|---|---|---|---|
| कम्प्युटर प्रयोगात्मक | २० | प्रयोगात्मक | ३० मिनेट |
| अन्तर्वाता | २० | मौखिक | |

द्रव्यष्टः

१. प्रथम चरणको प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उम्मेदवारलाई मात्र परीक्षामा उत्तीर्ण द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ।
२. द्वितीय चरणको लिखित परीक्षाबाट उत्तिर्ण उम्मेदवारलाई मात्र अन्तिम चरणमा सम्मिलित गराइनेछ।
३. प्रथम चरणको प्रारम्भिक योग्यताक्रमको सूचीबाट प्राप्त अंक, लिखित परीक्षाबाट प्राप्त अंक र अन्तिम चरणको कम्प्युटर प्रयोगात्मक र अन्तर्वार्ताबाट प्राप्त कूल अंक योगका आधारमा अन्तिम नतिजा प्रकाशित गरिनेछ।

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

मनोसामाजिक परामर्शकर्ता (सहायकस्तर पाँचौ) को परीक्षाको पाठ्यक्रम

द्वितीय चरणः

१. सामान्य ज्ञान (२० अंक)

१.१. नेपालको भौगोलिक अवस्था, प्राकृतिक स्रोत र साधनहरु

१.२. नेपालको ऐतिहासिक, साँस्कृतिक र सामाजिक अवस्था बारे जानकारी

१.३. नेपालको आर्थिक अवस्था र चालु आवधिक योजना सम्बन्धी जानकारी

१.४. थुलुङ दुधकोशी गाउँपालिकाको भौगोलिक, साँस्कृतिक तथा ऐतिहासिक विषयवस्तु सम्बन्धी सामान्य जानकारी

२. मनोसामाजिक परामर्श (३० अंक)

२.१. वैदेशिक रोजगारीका चुनौती, सवाल र समाधानका उपायहरु

२.२. नेपालमा रोजगारीको अवस्था, चुनौती र सम्भावनाहरु

२.३ मनोसामाजिक परामर्शको अवधारणा, प्रकृया र परामर्शको विधि तथा तरिकाहरु

२.४. मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु, भूमिका र जिम्मेवारी

२.५. आप्रवासन र मनोसामाजिक समस्याहरु तथा समाधानका उपाहरु

२.६. सेवाग्राहीहरुको अभिलेख राख्ने तरिकाहरु, कार्य योजना निर्माण

३. नीतिगत तथा कानूनी व्यवस्था (२० अंक)

३.१. नेपालको संविधान

३.२. श्रम ऐन, २०७४ तथा नियमावली, २०७५

३.३. वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली, २०६५

३.४. वैदेशिक रोजगार नीति,

३.५. श्रम आप्रवासन नीति, २०८१

३.६. सुरक्षित आप्रवासन कार्यक्रम (चौंथो) चरण सञ्चालन मार्गदर्शन, २०८१

अन्तिम चरणः

१. कम्प्युटर सम्बन्धी प्रयोगात्मक परीक्षा (३० अंक)

| | |
|---|---|
| १.१. Nepali Typing | - 5 marks |
| १.२. English Typing | -5 marks |
| १.३. Word processing | -5 marks |
| १.४. Electronic Spreadsheet | -5 marks |
| १.५. Power Point Presentation System | -5 marks |
| १.६. Internet Browsing and Website Management | -5 marks |

१. अन्तर्वार्ता (२० अंक)

पाठ्यक्रम स्वीकृत मितिः २०८३/०५/०३

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची – ३

| हालसालै खिचेको पासपोर्ट |
|---|

बुदाँ नं. ४.२ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मुक्ली, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

**करारको लागि दरखास्त फाराम**

क) वैयक्तिक विवरणः

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | देवनागरिकमा | | |
| | | (अंग्रेजी ठुलो अक्षरमा) | | लिङ्ग |
| | नागरिकता नं. | | जारी गर्ने जिल्लाः | मितिः |
| स्थायी ठेगाना | क) जिल्लाः | | ख)गा.पा./गा.वि.स.- | ग)वडा नं. |
| | घ)टोलः | | ङ)मार्ग/घर नं.- | च)फो.नं. |
| पत्राचार गर्ने ठेगानाः | | | | इमेलः |
| बाबुको नाम, थरः | | | जन्म मितिः (वि.सं. मा) (इस्वि संवतमा) | |
| बाजेको नाम, थरः | | | हालको उमेरः वर्ष महिना | |

ख) शैक्षिक योग्यता/ तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्युनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्युनतम योग्यता | विश्वविद्यालय/बोर्ड/ तालिम दिने संस्था | शैक्षिक उपाधी/तालिम | संकाय | श्रेणी/प्रतिशत | मुल विकास |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएको सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटि वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु / बुझाउनेछु । उम्मेद्धवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सवै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेद्वारको ल्याप्चे सहीछाप | | उम्मेद्वारको दस्तखतः |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | |
| कार्यालयले भर्नेः | | मितिः |
| रसिद/भौचर नं. | | रोल नं. |
| दरखास्त अस्विकृत भए सो को कारणः | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मितिः | | |

द्रष्टव्यः दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेद्वार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ । (१)नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलीपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सोको प्रतिलीपि,(३)न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलीपि, प्राविधिक कार्य, इन्जिनियरिङ, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलीपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलीपि, आदि ।

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय,मुक्ली, सोलुखुम्बु

प्रवेश - पत्र

फोटो

परीक्षार्थीले भर्ने

परीक्षा दिने पदको विज्ञापन नं :...................................

| | |
|---|---|
| सेवा : | समूह : |
| उपसमूह: | तह: |
| पद : | परीक्षा केन्द्र: |

गाउँपालिकाको कर्मचारीले भर्ने

रोल नम्बर :..................................

विज्ञापनमा तोकीएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुनेछ।

...............................

अधिकृतको दस्तखत

उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु:-

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेश पत्र विना परीक्षामा बस्न पाइने छैन।

२. परीक्षा हलमा मोबाईल फोन ल्याउन पाइने छैन।

३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वाता हुने दिन पनि प्रवेशपत्र अनिवार्य ल्याउनु पर्नेछ।

४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडी घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ। वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुबै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन।

५. परीक्षा हलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं ४ मा उल्लेख गरिएको बितेको १० मिनेट पछि मात्र उम्मेदवारलाई परीक्षा हाल बाहिर जाने अनुमति दिइनेछ ।

६. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू सँग राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत गर्न हुँदैन ।

७. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानुन बमोजिमको कारवाही गर्नेछ। र त्यसरी निष्काशित उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वत रद्ध भएको मानिनेछ ।

८. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी दिने क्रममा निजलाई केही भएमा गाउँपालिका जवाफदेही हुने छैन।

९. उम्मेदवारले परीक्षा दिएको दिनको हाजिर अनिवार्य रुपले गर्नुपर्नेछ ।

१०. गाउँपालिकाले सुचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा संचालन हुनेछ।

११. उम्मेदवारले वस्तुगत परीक्षामा आफुलाई प्राप्त प्रश्न की उत्तर पुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्नेछ। नलेखेमा उत्तरपुस्तिका स्वत रद्ध हुनेछ।

१२. ल्याकत (IQ) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाईने छैन ।

१३. बहुबैकलपीक प्रश्नको उत्तर गलत दिएमा प्रति प्रश्न २०% अंक कट्टा गरिनेछ।